# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौं

प. सं. ०७६/७७
च. नं.

**कोरोना भाइरसको महामारीका क्रममा नेपाल सरकारलाई सूचनाको हक सम्वन्धमा दिइएको निर्देशन सम्बन्धी प्रेस विज्ञप्ती**

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ४ उपदफा (१) र उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम कमशः सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्ने, सूचना समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, आफ्नो कामकारवाही खुला र पारदर्शी रुपमा गर्ने दायित्व सार्वजनिक निकायहरुको हुने व्यवस्था गरेको छ । यस अवस्थामा सार्वजनिक निकायहरुले कोरोना भाइरसको संङ्क्रमणको रोकथाम, नियन्त्रण तथा उपचार र राहतका लागि गरेका निर्णय, खरिद तथा वितरण सम्वन्धी कृयाकलापहरुका सूचना स्वत सार्वजनिक गर्दै जान सकिने हो भने सर्वसाधारण नागरिकलाई सूचना माग गरिरहन पर्ने अवस्था तथा सार्वजनिक निकायका कर्मचारीहरुलाई सूचना उपलव्ध गराउन लाग्ने समयवाट छुट्कारा पाउन संभव हुन्छ भन्ने आयोगको विश्वास रहेको छ । तसर्थ सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ख), (ग) र (ङ) बमोजिम नेपाल सरकारका मूख्य सचिव, प्रदेश सरकारका प्रमुख सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत मार्फत सवै सार्वजनिक निकायहरुलाई देहाय बमोजिम गर्न गराउन राष्ट्रिय सूचना आयोगको २०७७ जेठ ६ गतेको बैठकबाट निर्णय गरी निर्देशन दिएको छ ।

१. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका सार्वजनिक निकायहरुबाट कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा राहतका लागि भए गरेका कामहरुका वारेमा नियमित रुपमा सार्वजनिक गराउने व्यवस्था मिलाउने ।
२. उपलव्ध र वितरण भएका वा गरिने तथा खरिद गरिने उपकरण, स्वास्थ्य सामग्री, सेवा तथा औषधीका वारेमा नियमित रुपमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सम्बन्धित स्वास्थ्य संस्थाहरुवाट सार्वजनिक गराउने व्यवस्था मिलाउने ।
३. आइसोलेशन, क्वारेन्टाइन, होम क्वारेन्टाइन, सरकारी एंव गैरसरकारी तवरमा निर्मित संघ, प्रदेश, स्थानीय तहका उपचार स्थलहरु वा स्वास्थ्य संस्थाहरुमा रहेका नागरिकहरुका वारेमा एकिकृत तथ्यांकीय विवरण नियमित रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।
४. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका सार्वजनिक निकायहरुवाट लकडाउनका समयमा राहत उपलव्ध गराउन पर्ने नागरिकहरुलाई वितरण गरिएको राहतको विवरण तथा आधार नियमित रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने । सहजता तथा अभिलेखका लागि यस्ता विवरण विद्युतिय प्रणालीमा समेत राख्ने व्यवस्था गर्ने ।
५. लकडाउन जारी रहेको अवस्थामा अत्यावश्यक खाद्य पदार्थ, औषधी तथा अन्य वस्तु विक्री वितरण गर्ने स्थान, समय र पालना गर्नु पर्ने नियमहरु (विक्रेता तथा नागरिक दुवैका लागि) का वारेमा नियमित रुपमा जानकारी गराउने ।

६. यस सन्दर्भमा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायतका व्यक्तिहरुका लागि छुट्टै कार्यक्रम ल्याइएको भए त्यस्ता कार्यक्रमका वारेका सूचना सार्वजनिक गर्ने ।

७. नेपाल सरकार, प्रदेश तथा स्थानिय तहहरुले राहत कोषहरु स्थापना गरेका विवरणहरु सार्वजनिक भैरहेका छन, यस्ता कोष संचालनका लागि स्पष्ट कार्यविधि तथा निर्देशिका तयार गरी यस कोषमा जम्मा हुने र खर्च भएको विवरण नियमित र अनिवार्य रुपमा स्वतः सार्वजनिक गर्ने व्यवस्था गर्ने गराउने ।

८. नेपाल सरकार, प्रदेश सरकार तथा स्थीनय तह र सम्वद्ध निकायहरुले आ-आफ्नो निकायका सूचना अधिकारीलाई यस समयमा ईमेल, भाइवर, मोवाइल तथा अन्य माध्यमवाट समेत सम्पर्क गर्न सकिने व्यवस्था गर्ने ।

९. बन्दाबन्दी (लकडाउन) मा केहि खुकुलोपन ल्याउने निर्णय हुदैं गर्दा वा बन्दाबन्दी खुलेको अवस्थामा पनि कोरोना भाइरसको औषधी वा खोप उपलव्ध नभएसम्म पूर्ण रुपमा खुला हुने संभावना नरहेको अवस्थामा सर्वसाधारण नागरिकले गर्न हुने र गर्न नहुने विषयमा दोहरो अर्थ वा द्विविधा नहुने गरी स्पष्ट भाषामा यथाशक्य विभिन्न स्थानीय भाषामा र उपलव्ध सवै प्रकारका स्थानीय सञ्चारमाध्यमहरुको प्रयोग गरी प्रत्येक नागरिकको पंहुचमा पुग्ने गरी प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

१०. विदेशवाट नेपाल आउन चाहने नेपाली नागरिकहरुलाई नेपाल ल्याउने सम्वन्धमा स्पष्ट सूचना सार्वजनिक गर्ने ।

११. नेपाल सरकारवाट स्वीकृत सूचनाको हक कार्यन्वयन सम्वन्धी अनुगमन निर्देशिका, २०७६ बमोजिम गठित केन्द्रीय समन्वय इकाई, कार्यन्वयन अनुगमन इकाई, प्रदेश अनुगमन इकाई र जिल्ला अनुगमन इकाईहरुलाई सकृय गराई यस अवधिमा र नियमित रुपमा सूचनाको हकको प्रयोग वारेमा अनुगमन गरी त्यसको प्रतिवेदन सार्वजनिक गर्ने र यस आयोगलाई पनि जानकारी दिने व्यवस्था मिलाउने ।

१२. सार्वजनिक निकायमा रहेका सूचना संकलन गरी सर्वसाधारण नागरिकसम्म पुऱ्याउने आमसञ्चारकर्मीहरु तथा सूचनाका हकका अभियन्ताहरु सार्वजनिक निकायहरुमा गई रहने पर्ने हुंदा निजहरुको स्वास्थ्य सुरक्षाको व्यवस्था मिलाउन आवश्यक व्यवस्था गर्ने ।

१३. सूचना प्रवाह गर्ने क्रममा सार्वजनिक निकायहरुले व्यक्तिगत प्रकृतिका सूचनाहरु पनि दिएको वा दिने संभावना रहेको र यसवाट पर्ने प्रभाव दुखदायी हुन सक्ने तथा यस्ता कार्य गर्न कानुनी रुपमा पनि सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा २८ ले प्रतिवन्ध लगाइएको हुंदा यस्तो कार्य नगर्ने नगराउने ।

१४. कोरोना भाइरसका कारण मृत्यु भएकाहरुको शव व्यवस्थापनमा केहि अन्यौलता भईरहेको समाचार प्रकाशन तथा प्रसारण भई रहेको सन्दर्भमा थप स्पष्टता गराउन पर्ने भए थप स्पष्ट गराउन तथा व्यवस्थापनका लागि गरिएको तयारी सम्वन्धी वा व्यवस्थापन सम्वन्धी सूचना सर्वसाधारण नागरिकले बुझ्ने गरी सार्वजनिक गर्ने गराउने ।

१५. उल्लेखित विवरण तथा कोरोना भाइरसवाट बच्न नागरिकले पालना गर्न पर्ने विषयहरु स्थानीय भाषामा तथा स्थानीय सञ्चार माध्यमको अधिकतम प्रयोग गर्ने गराउने ।

१६. प्रत्येक सार्वजनिक निकायले कानूनी व्यवस्था बमोजिम प्रत्येक तीन/तीन महिनामा गरिने स्वतः प्रकाशनमा उल्लेखित विवरणहरु समेत समावेश गर्ने व्यवस्था मिलाउने ।

२०७७ जेठ ६,

कमला ओली थापा
प्रवक्ता